# पर्सागढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| खण्डः– ६ | संख्याः– ८ | मितिः– २०७९/१०/०७ गते |
|---|---|---|

**भागः– २**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम पर्सागढी नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशन गरिएको छ।

## पर्सागढी नगरपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०७९

प्रस्तावनाः

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७८ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निमार्ण गर्न चाहेमा घर निर्माण तथा जस्तापाता लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निमार्ण कार्य गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७५ बमोजिम पर्सागढी नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम "पर्सागढी नगरपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम संचालन कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि पर्सागढी नगर कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिकालाई सम्झनुपर्छ ।

(ख) "छनौट तथा कार्यान्वयन समिति" भन्नाले दफा १० को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) "सुरक्षित नागरिक आवास" भन्नाले प्रतिकुल बाताबरण थेग्न सक्नेगरी निमार्ण गरिएका काठ, इट्टा, ढुङ्गा बल्क बाट निर्मीत जस्ताको छानायुक्त आवासीय भवन सम्झनु पर्दछ ।

(घ) "लाभग्राही" भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ ।

(ङ) "लक्षित वग" भन्नाले पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

(च) "फोकल पर्सन" भन्नाले सुरक्षित नागरिक आवास कार्यक्रम सम्पादनका लागि तोकिएको कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद २

## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

३. कार्यक्रम संचालन स्थान

(क) सुरक्षित नागरिक आवासका लागि अनुदान कार्यक्रम पर्सागढी नगरपालिकाको ९ वटै वडाहरुमा संचालन गरिनेछ ।

(ख) कार्यक्रम संचालन स्थान पहिचान गर्दा संम्भव भए सम्म विपन्न परिवारको एकिकृत आवास निमार्णमा जोड दिइनेछ ।

(ग) यथास्थानमा पुन:निमार्ण गरिने सुरक्षित नागरिक आवासलाई प्राथमिकता दिने गरि निमार्ण गरिने छ ।

(४) सुरक्षित नागरिक आवास अनुदान प्राप्त गर्नका लागी तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण ।

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

५.लाभग्राहीको छनौट प्रक्रिया :

(क) सुरक्षित नागरिक आवास कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवा ग्राहिबाट अनुसुचि-२ बमोजिम ढाँचामा वडामा आवेदन दिन सक्नेगरि नगरपालिकाबाट १५ दिनको सार्वजनिक सुचना जारि गरिनेछ । यस भन्दा अगाडी खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिने छ ।

(ख) उपदफा (क) बमोजिम पर्न आएका आवेदनहरु मध्येबाट लाभाग्राही छनौट गर्नका लागि सम्बन्धित वडा समितिबाट अनुसुचि ३ मा भएका सुचकहरुको आधारमा सिफारिस गर्नेछ।

(ग) उपदफा (ख) बमोजिमका सुचकहरुबाट छनौट भएका लाभग्राहिरुको विपनताको प्रकृति अध्ययन गरी अन्तिम नामावली तयारी गरी वडा समितिले नगरपालिकामा सिफारिस गर्नुपर्ने छ ।

(घ) उपदफा (ग) बमोजिम खरको छाना भएको लक्षित घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको यकिन गरि कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० बमोजिमको समितिले गर्नेछ ।

(ङ) लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगलि जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(च) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(छ) एकै परिवारलाई आवास प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिइने सहयोग वा समपुरक कोषका लागि बाधा पुगेको मानिने छैन ।

## परिच्छेद ३
## सम्झौता, निमार्ण तथा रकम निकासा सम्बन्धि

६.सम्झौता : क) दफा ५ बमोजिम सुरक्षित नागरिक आवसका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागिहरु संग अनुसुचि १ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ख) सम्झौता गर्ने / गराउने तथा खर्च सम्बन्धि सम्पुर्ण जिम्मेवारी नगरपालिकाको आर्थिक प्रशासन शाखाको हुनेछ ।

७. निमार्ण कार्य र लागत सहभागिता : क) लाभग्राही र नगरपालिका बिच सम्झौता पश्चात नगरपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निमार्ण गर्नुपर्नेछ ।

ख) उपदफा (क ) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निमार्ण गर्नुपर्ने भएमा नगरपालिकाको पुर्व स्विकृति लिनु पर्नेछ ।

८. अन्य निकायले सहयोग गर्ने :

(क) सुरक्षित नागरिक आवास कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) सुरक्षित नागरिक आवास कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गर्नसकिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

घ) नगरपालिकाबाट बिनियोजित बजेट र संघ, प्रदेश वा अन्य निकायबाट प्राप्त बजेटलाई एकमुस्ट वास्केट फन्ड बनाई आवश्यकता पहिचान गरि सुरक्षित नागरिक अवास कार्यक्रम संचालन गरिने छ । संघिय सरकारबाट प्राप्त जस्ताको छाना छाउन प्राप्त बजेटलाई समेत यस कार्यविधी अन्तर्गत छनौट भएका लाभग्राहिहरुलाई लक्षित गरी उपलब्ध गराउन सिफारि गर्न सकिनेछ ।

९. रकम निकासा :

क) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

ख) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैक मार्फत दुई किस्तामा रकम उपलब्ध गराउनेछ ।

ग) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु २,००,००/- अक्षरेपी दुई लाख रुपैया सम्म हुनेछ ।

घ) लाभग्राहिको सम्झौता बमोजिम कार्यसम्पादन हुन ढिलाई वा कठीनाई हुने अवस्था देखिएमा नगरपालिकाले तेस्रो पक्ष मार्फत आवास निमार्ण गरी हस्तान्तरण गर्न सक्नेछ ।

## परिच्छेद ४
## समिति सम्बन्धी व्यवस्था

१०. नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति :

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय, व्यवस्थापन अनुगमन मुल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समिति रहनेछ :

| | |
|---|---|
| १) नगर प्रमुख | - संयोजक |
| २) कार्यपालिकाबाट मनोनित महिला सदस्य १ | - सदस्य |
| ३) सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| ४) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ५) फोकल पर्सन | - सदस्य |
| ६) शहरी विकाश डिभिजन कार्यालय प्रमुख वा निजले तोकेको व्यक्ती | - सदस्य |
| ७) ईन्जिनियर | -सदस्य सचिव |

ख) नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : क) कार्यक्रम संचालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

खा विपन्न आवास प्राप्त गर्न लाभग्राही छनौटका लागि सुचना आह्वान गर्ने ।

गा प्राप्त दरखास्तहरुबाट दफा ४ बमोजिम छानविन गरी लक्षित घरधनिको सिफारिस गर्न वडालाई निर्देशन गर्ने ।

घ) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने ।

ङ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने ।

च) कुनै कारणवस निमार्ण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्याङ्क गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

छ) सुरक्षित नागरिक आवास निमार्ण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरु सँग समन्वय सहकार्य र योजना माग गर्ने ।

ज) लेखा शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न /गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

झ) आवश्यक अनुसार अनुगमन मुल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

ञ) यस संग सम्बन्धित सम्पूर्ण निर्णयक भूमिका निर्वाह गर्ने।

ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था :

१) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२) बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

३) सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितीका पदाधिकारीहरुको बैठक तथा अनुगमन खर्च कार्यपालिकाको बैठक सरह हुनेछ ।

४) परियोजना अवधिभरकालागि जनशक्ति/प्राविधिक कर्मचारी आवश्यक्ता अनुसार नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिले करार सेवामा नियुक्ति गर्न सक्नेछ।

## परिच्छेद ५
## विविध

११. बेच बिखन गर्न नपाउने :

लाभग्राहीले आवास निमार्ण सम्पन्न भए पश्चात निर्मित आवास ५ बर्ष सम्म बेचविखन गर्न पाउने छैन । तर पुन निर्माण तथा मर्मत सम्भार गर्न आवश्यक परेमा नगरपालिकाको पूर्व स्विकृतीलिई निजि खर्चमा पुन निर्माण गर्न बाधा पर्ने छैन।

१२ कारबाही हुने :

सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभाविन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाकि सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

१३. बचाउ : क) यसमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) कार्यक्रम कार्यान्वयनका क्रममा कुनै दुविधा उत्पन्न भएमा सुरक्षित नागरिक आवास वार्यान्वयन कार्यविधि २०७५ संशोधन सहितलाई मुल आधार मानिने छ ।

ग) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार नगर कार्यपालिकामा रहनेछ ।

अनुसूची -१

दफा ६ (क) सँग सम्बन्धित

(पर्सागढी नगरपालिका र सुरक्षित नागरिक आवास कार्यक्रमका लाभग्राही बिच अनुदान उपलब्ध गराउने सम्बन्धि सम्झौता पत्र )

१. कार्यक्रम स्थल :- जिल्ला :- पर्सा .स्थानीय तह :- पर्सागढी वडा नं.:-.........

२. उद्देश्य : आवास निर्माण ।

३. कुल लागत :................... न.पा. अनुदान ..................... लाभग्राहीको सहभागिता .............

४. प्रस्तावित निमार्ण कार्य अवधि :

क) शुरु हुने मिति :- २०......./......../.........

ख) पुरा हुने मिति :- २०......./......../.........

५. निमार्ण कार्य सम्बन्धि सेवा र शर्तहरु :

क) लाभग्राहि र नगरपालिका बिच सम्झौता पश्चात्त नगरपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा घर तथा छाना निमार्ण गर्नुपर्ने छ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा नगरपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राहि स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग पर्सागढी नगरपालिकाबाट उपलब्ध हुनेछ ।

ङ) सम्झौता पश्चात लाभग्राहीले नगरपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

च) नगरपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा घर निर्माण तथा जस्ता पाताले छाना छाउनको लागि पहिलो किस्तामा ६० प्रतिशत र कार्य सम्पन्न भएपश्चात बाँकी ४० प्रतिशत रकम बैक मार्फत दोस्रो किस्तामा उपलब्ध गराउनेछ । सम्बन्धित लाभग्राहिले तोकिएको अवधि भित्र मापदण्ड अनुरुप घर निर्माण गर्न नसक्ने अवस्था ठहर भएमा नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको पहलमा घर निर्माण गरी हस्तानतरण गर्न सक्नेछ।

छ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) रु. २,००,०००/– अक्षरेपी दुई लाख सम्म हुनेछ ।

ज) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा नगर स्तरिय सुरक्षित नागरिक आवास छनौट तथा कार्यान्वयन समितिको निर्णय बमोजिम हुनेछ ।

६. सम्झौताका पक्षहरु :

| कार्यालयको तर्फबाट | लाभग्राहीको तर्फबाट |
|---|---|
| नामः | लाभग्राहीको नाम : |
| पदः प्रमुख प्रशासकीय अधिकृत | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| साक्षी : (१)<br>श्री......... पद..................... | साक्षी : (१)<br>श्री................... ठेगाना..................... |

अनुसूची -२
दफा ५ (क) सँग सम्बन्धित
(लाभग्राहीले दिने निवेदनको ढाँचा)

श्रीमान् नगर प्रमुखज्यू,
पर्सागढी नगरपालिका, हरपुर पर्सा ।

विषय : सुरक्षित नागरिक आवास अनुदान सम्बन्धमा ।

म पर्सागढी नगरपालिका .....नं. वडा .......टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थीक अवस्था अति कमजोर रहेको हुँदा घरको छाना खर, फुस/पराल वाट छाएको छ तसर्थ नगरपालिकाबाट उपलब्ध गराइने सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश गराई मेरो कि.न.......... को............क्षेत्रफलमा रहेको घर पुनर्निर्माण गर्नको लागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लागाउनुहोस)

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।
३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफु विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको खर,फुस/पराल वाट छाएको भन्ने सम्बन्धित वडाको लाभग्राही सिफारिस पत्र (फोटो सहित) ।

निवेदक व्यहोरा ठिक साचो हो भनि
नाम थर...................
ठेगाना.....................
सम्पर्क नं.................
हस्ताक्षर.................

सिफारिस गर्ने :
हस्ताक्षर...........
वडा अध्यक्ष
छाप :

पर्सागढी नगरपालिका

अनुसूची -३
दफा ५ सँग सम्बन्धित
(लभग्राही छनौटको मापदण्ड)

(१) सुरक्षित आवास निर्माणको लागी कम्तीमा ५ धुर जमिन निजको नाममा रहेको वा एकाघर परिवारको नाममा रहेको भए मन्जुरीनामा प्रदान गरेको हुनुपर्ने ।

(२) निवेदकको नाममा वा अन्य एकाघर परिवारको नाममा अन्यत्र कतै अर्को बस्नेयोग्य घर नभएको प्रमाणित हुनुपर्ने ।

(३) हाल बसीरहेको घरको अवस्था टारीले बारेको खरले छाएको वा अत्यन्त कच्ची तवरले बनेको र बस्न योग्य घर नभएको हुनुपर्ने ।

(४) आफ्नो आम्दानीबाट वा परिवारको आम्दानीबाट वार्षिक ३ महिना भन्दा वढी खान लाउन अपुग अवस्था रहेको हुनुपर्ने ।

(५) सकुम्बासी रहेछ भने सुकुम्बासी आयोगबाट प्रमाणित भएको हुनुपर्ने वा हाल वसिरहेको स्थानमा अस्थायि बसोबासकोलागि वडा कार्यालयको सिफारिसमा बस्न योग्य घर निर्माणको लागि आवश्यक व्यवस्था गर्ने।

***कार्यपालिकाबाट पारित मिति २०७९/०९/१० गते***

**आज्ञाले,**
**छविरमण भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

पथरैया नगरपालिका